# तिलोत्तमा नगरपालिका कार्यालय, रुपन्देही

**भ्यू टावरको डिजाइन र नक्सा निर्माण तथा निर्माण स्थलको माटो परिक्षण कार्यको लागि**

## प्रस्ताव आव्हानको सूचना

(सूचना प्रकाशित मिति ०७३।११।२२)

यस तिलोत्तमा नगरपालिका अर्न्तगत शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र भित्र भ्यू टावर निर्माण स्थलको माटो परिक्षण र भ्यू टावरको स्टक्चर डिजाइन तथा नक्सा निर्माण कार्यको लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ वमोजिम परामर्श सेवाको लागि गुणस्तर तथा लागत विधिद्वारा परामर्शदाता प्रतिस्पर्धावाट छनौट गर्नुपर्ने भएकोले उल्लेखित कार्य गर्न इच्छुक फर्म, संस्था वा कम्पनिवाट आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागी यो सुचना प्रकाशित गरिएको छ । यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र उक्त कार्यको लागि रु.३००।- तिरी कार्य बिवरण (TOR) खरिद गर्न सकिने छ । १६ औं दिन सम्म कार्यालय समय भित्र कार्य विवरण र निम्न उल्लेखित कागजातहरु संलग्न गरि आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी दिनको १२:०० वजे सम्म पेश गर्न सकिने छ । खरिद तथा दर्ताका दिन बिदा परेमा सोको भोलीपल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । १६ औं दिन दिनको २:०० वजे प्रतिनिधिहरुको रोहवरमा उक्त प्राविधिक प्रस्ताव खोलिनेछ । प्राविधिक प्रस्तावमा उत्तिर्ण भएका फर्म, संस्था वा कम्पनिको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

**१. कामको विवरण लागत अनुमान**

क) भवन निर्माण स्थलको माटो परिक्षण , भवनको स्टक्चर डिजाइन तथा नक्सा निर्माण कार्य
ख) प्रस्तावित लागत अनुमान मूल्यअभिबृद्धि कर सहित बढिमा रु. ९९५०००।-
ग) कार्य अवधि : सम्फौता भएको मितिले १५ दिन हुनेछ
घ) प्रविधिक प्रस्तावको अंकभार ८० हुने छ उत्तीर्णाङ्क ६० प्रतिशत हुनेछ
ङ) आर्थिक प्रस्तावको अंकभार २० हुनेछ ।

**२. परामर्शदाताले प्राविधिक प्रस्तावको साथमा पेश गर्नुपर्ने कागजातहरु:**

क) परामर्शदाता फर्म, संस्था वा कम्पनीको विवरण, संगठन ,कर्मचारी र निजहरुको अनुभव तथा योग्यता ।
ख) दुई वा दुई भन्दा बढी फर्म, संस्था वा कम्पनीले संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म, संस्था वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म, संस्था वा कम्पनीको नाम
ग) विगत पाँच वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण साथै विगत ५ वर्षमा गरेको आर्थिक कारोवारको विवरण ।
घ) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिक विवरण ।
ङ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय र कार्य योजना ।
च) परामर्शदाताको मु.अ.करदर्ता , नवीकरण एवं कर चुक्ता प्रमाण पत्र ।

आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

कार्यकारी अधिकृत